# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, माघ ९ गते २०४० साल (संख्या ४०

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले घर जग्गा कर ऐन, २०१९ को दफा २ (क) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३१ मिति २०३८।५।८ संख्या २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम २०३८ साल श्रावण १ गतेदेखि लागू हुने गरी भरतपुर नगर पञ्चायतक्षेत्र र धनगढी नगर पञ्चायतक्षेत्रलाई शहरी क्षेत्र तोकेकोमा खण्ड ३२ मिति २०३९।६।११ संख्या २४ को नेपाल राजपत्र भाग ३ द्वारा सो सूचना लागू हुने मितिलाई २०४० साल श्रावण १ गते गरी संशोधन गरेकोमा उक्त सूचना २०४१ साल श्रावण १ गतेदेखि मात्र लागू हुने गरी पुनः संशोधन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
# अर्थ मन्त्रालयको
# सूचना

नेपाल अधिराज्यमा पैठारी हुने माल वस्तुहरूको भन्सार महसूल सम्बन्धमा अधिकतम सुविधा प्राप्त मुलुकहरू (मोस्ट फेवर्ड नेशन) भन्नाले निम्नलिखित देशहरूलाई जनाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. संयुक्त राज्य अमेरिका ।
२. संयुक्त अधिराज्य ब्रिटेन ।
३. गणतन्त्र चीन ।
४. समाजवादी गणतन्त्र सोभियत रूस ।
५. समाजवादी संघीय गणतन्त्र युगोस्लाभिया ।
६. पाकिस्तान ।
७. पोल्याण्ड ।
८. पश्चिम जर्मन गणतन्त्र ।
९. जनवादी गणतन्त्र बुल्गेरिया ।
१०. उत्तर कोरिया ।
११. दक्षिण कोरिया ।
१२. भारत ।
१३. बंगलादेश ।

खण्ड २३ मिति २०३०।३।१८ संख्या १२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६०